# वन्यजन्तु अपराध नियन्त्रण आदेश, २०८०

वन्यजन्तु तथा वनजन्य अपराध नियन्त्रणलाई प्रभावकारी बनाउन वाञ्छनीय भएकोले, नेपाल सरकारले देहायबमोजिमको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "वन्यजन्तु अपराध नियन्त्रण आदेश, २०८०" रहेको छ।

(२) यो आदेश नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत प्राप्त भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समितिः** (१) वन्यजन्तु तथा वनजन्य अपराध नियन्त्रणका लागि आवश्यक समन्वय तथा सहजीकरण गर्न देहायबमोजिमको एक राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति रहनेछः-

| | |
|---|---|
| (क) मन्त्री, वन तथा वातावरण मन्त्रालय | -अध्यक्ष |
| (ख) प्रधानसेनापति, नेपाली सेना | -सदस्य |
| (ग) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (घ) सचिव, अर्थ मन्त्रालय | -सदस्य |
| (ङ) सचिव, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | -सदस्य |
| (च) सचिव, गृह मन्त्रालय | -सदस्य |
| (छ) सचिव, रक्षा मन्त्रालय | -सदस्य |
| (ज) सचिव, वन तथा वातावरण मन्त्रालय | -सदस्य |
| (झ) सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | -सदस्य |
| (ञ) नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | -सदस्य |
| (ट) महानिरीक्षक, नेपाल प्रहरी | -सदस्य |
| (ठ) महानिरीक्षक, सशस्त्र प्रहरी बल, नेपाल | -सदस्य |
| (ड) मुख्य अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग | -सदस्य |
| (ढ) महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | -सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समितिको बैठक अध्यक्षले बोलाएको मिति, समय र स्थानमा बस्नेछ।

(३) उपदफा (१) बमोजिमको राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) वन्यजन्तु तथा वनजन्य अपराध नियन्त्रण सम्बन्धमा विभिन्न निकायको काम, कारबाहीको समीक्षा गर्ने;

(ख) वन्यजन्तु तथा वनजन्य अपराध नियन्त्रण गर्न आवश्यक नीतिगत तथा संस्थागत सुधारको लागि अध्ययन अनुसन्धान गर्ने;

(ग) केन्द्रीय वन्यजन्तु अपराध नियन्त्रण एकाइको काम, कारबाहीको प्रभावकारी कार्यान्वयनका लागि सहजीकरण गर्ने;

(घ) वन्यजन्तु तथा वनजन्य अपराध नियन्त्रण गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा समन्वय र सहकार्य गर्ने;

(ङ) वन्यजन्तु तथा वनजन्य अपराध नियन्त्रणसम्बन्धी कार्यहरूको वार्षिक प्रतिवेदन प्रकाशन गर्ने।

(४) राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समितिको बैठकको निर्णय र बैठक सञ्चालनसम्बन्धी अन्य कार्यविधि राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

(५) राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समितिको सचिवालयको काम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागले गर्नेछ।

३. **केन्द्रीय वन्यजन्तु अपराध नियन्त्रण एकाइः** (१) वन्यजन्तु तथा वनजन्य अपराध नियन्त्रण गर्न देहायबमोजिमको केन्द्रीय वन्यजन्तु अपराध नियन्त्रण एकाइ रहनेछः-

| | |
|---|---|
| (क) महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | -संयोजक |
| (ख) महाशाखा प्रमुख, गृह मन्त्रालय (सुरक्षा तथा समन्वय महाशाखा) | -सदस्य |
| (ग) सह-न्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | -सदस्य |
| (घ) महानिर्देशक, वन तथा भू-संरक्षण विभाग | -सदस्य |
| (ङ) महानिर्देशक, भन्सार विभाग | -सदस्य |
| (च) महानिर्देशक, कारागार व्यवस्थापन विभाग | -सदस्य |
| (छ) महानिर्देशक, नागरिक उड्डयन प्राधिकरण | -सदस्य |
| (ज) महानिर्देशक, हुलाक सेवा विभाग | -सदस्य |
| (झ) सहायक रथी, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय, नेपाली सेना | -सदस्य |
| (ञ) प्रहरी नायब महानिरीक्षक, केन्द्रीय अनुसन्धान व्यूरो, नेपाल प्रहरी | -सदस्य |
| (ट) सशस्त्र प्रहरी नायब महानिरीक्षक, कार्य तथा सीमा सुरक्षा विभाग, सशस्त्र प्रहरी बल | -सदस्य |
| (ठ) अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग | -सदस्य |
| (ड) कार्यकारी निर्देशक, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला | -सदस्य |
| (ढ) उप-महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | -सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको केन्द्रीय वन्यजन्तु अपराध नियन्त्रण एकाइको बैठक संयोजकले बोलाएको मिति, समय र स्थानमा बस्नेछ।

(३) उपदफा (१) बमोजिमको केन्द्रीय वन्यजन्तु अपराध नियन्त्रण एकाइले बैठकमा आवश्यकताअनुसार सम्बन्धित विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(४) केन्द्रीय वन्यजन्तु अपराध नियन्त्रण एकाइको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) वन्यजन्तु तथा वनजन्य अपराध नियन्त्रण गर्न सम्बद्ध निकायहरूबीच समन्वय गर्ने,

(ख) वन्यजन्तु तथा वनजन्य अपराधको दृष्टिकोणले संवेदनशील स्थानहरूको नियमित अनुगमन गर्ने,

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(ग) प्रदेश वन्यजन्तु अपराध नियन्त्रण एकाइ र जिल्लास्तरीय वन्यजन्तु अपराध नियन्त्रण एकाइको काम कारबाहीको सहजीकरण र अनुगमन गर्ने,

(घ) वन्यजन्तु तथा वनजन्य अपराध नियन्त्रण सम्बन्धमा नीतिगत तथा संस्थागत सुधार गर्नका लागि राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समितिमा सुझाव पेश गर्ने,

(५) केन्द्रीय वन्यजन्तु अपराध नियन्त्रण एकाइले वन्यजन्तु तथा वनजन्य अपराध नियन्त्रण कार्यमा भए गरेका कामको वार्षिक प्रतिवेदन राष्ट्रिय समन्वय समितिसमक्ष पेस गर्ने तथा वन तथा वातावरण मन्त्रालय र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको वेबसाइटमा प्रकाशन गर्नेछ।

(६) बैठकको निर्णय र बैठक सञ्चालनसम्बन्धी अन्य कार्यविधि केन्द्रीय वन्यजन्तु अपराध नियन्त्रण एकाइ आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

(७) केन्द्रीय वन्यजन्तु अपराध नियन्त्रण एकाइको सचिवालय राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा रहनेछ।

४. **<u>प्रदेश वन्यजन्तु अपराध नियन्त्रण एकाइः</u>** (१) वन्यजन्तु तथा वनजन्य अपराध नियन्त्रण गर्न प्रदेशस्तरमा देहायबमोजिमको प्रदेश वन्यजन्तु अपराध नियन्त्रण एकाइ रहनेछः-

(क) प्रदेश सचिव, वन क्षेत्र हेर्ने सम्बन्धित प्रदेश मन्त्रालय -संयोजक

(ख) प्रदेश सचिव, मुख्यमन्त्री तथा मुख्यमन्त्रीको कार्यालय -सदस्य

(ग) प्रदेश सचिव, आर्थिक मामिलासम्बन्धी मन्त्रालय -सदस्य

(घ) प्रदेश सचिव, आन्तरिक मामिलासम्बन्धी मन्त्रालय -सदस्य

(ङ) प्रदेश वन निर्देशक, सम्बन्धित प्रदेश -सदस्य

(च) सहायक रथी, नेपाली सेना -सदस्य

(छ) प्रहरी नायब महानिरीक्षक, प्रदेश प्रहरी कार्यालय, नेपाल प्रहरी -सदस्य

(ज) सशस्त्र प्रहरी नायब महानिरीक्षक, सशस्त्र प्रहरी बल, सम्बन्धित प्रदेशस्थित बाहिनी -सदस्य

(झ) अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग, प्रदेश कार्यालय -सदस्य

(ञ) उपन्यायाधिवक्ता, मुख्य न्यायाधिवक्ताको कार्यालय -सदस्य

(ट) महाशाखा प्रमुख (प्राविधिक), प्रदेश वनसम्बन्धी मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको एकाइको बैठक संयोजकले बोलाएको मिति, समय र स्थानमा बस्नेछ।

(३) प्रदेश वन्यजन्तु अपराध नियन्त्रण एकाइले आफ्नो बैठकमा आवश्यकताअनुसार सम्बन्धित विषय विज्ञलाई आमन्त्रित गर्न सक्नेछ।

(४) प्रदेश वन्यजन्तु अपराध नियन्त्रण एकाइको काम, कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछः-

(क) वन्यजन्तु तथा वनजन्य अपराध नियन्त्रण गर्न सम्बद्ध निकायबीच समन्वय गर्ने,

(ख) वन्यजन्तु तथा वनजन्य अपराध नियन्त्रण गर्ने कार्यमा जिल्ला एकाइहरूको काम, कारबाहीको सहजीकरण र अनुगमन गर्ने,

(ग) वन्यजन्तु तथा वनजन्य अपराध नियन्त्रण गर्ने नीतिगत तथा संस्थागत सुधारको लागि अध्ययन अनुसन्धान गर्ने,

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(घ) वन्यजन्तु तथा वनजन्य अपराध नियन्त्रण सम्बन्धमा नीतिगत तथा संस्थागत सुधार गर्नका लागि केन्द्रीय वन्यजन्तु अपराध नियन्त्रण एकाइमा सुझाव पेस गर्ने,

(ङ) प्रदेशस्तरमा भएका वन्यजन्तु तथा वनजन्य अपराध नियन्त्रणसम्बन्धी प्रगति विवरण मासिक रूपमा केन्द्रीय वन्यजन्तु अपराध नियन्त्रण एकाइलाई उपलब्ध गराउने,

(च) प्रदेशस्तरमा भएका वन्यजन्तु तथा वनजन्य अपराध नियन्त्रणसम्बन्धी कार्यहरूको वार्षिक प्रतिवेदन प्रदेश वनसम्बन्धी मन्त्रालयको वेबसाइटमा प्रकाशन गर्ने।

(५) प्रदेश वन्यजन्तु अपराध नियन्त्रण एकाइको सचिवालय प्रदेशको वनसम्बन्धी मन्त्रालयमा रहनेछ।

(६) प्रदेश वन्यजन्तु अपराध नियन्त्रण एकाइको बैठकको निर्णय र बैठक सञ्चालनसम्बन्धी अन्य कार्यविधि एकाइ आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

**५. <u>जिल्ला वन्यजन्तु अपराध नियन्त्रण एकाइः</u>** (१) वन्यजन्तु तथा वनजन्य अपराध नियन्त्रण गर्न प्रत्येक जिल्लामा देहायबमोजिमको जिल्ला वन्यजन्तु अपराध नियन्त्रण एकाइ रहनेछः-

(क) प्रमुख संरक्षण अधिकृत वा डिभिजनल वन अधिकृत, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष कार्यालय वा डिभिजनल वन कार्यालय -संयोजक

(ख) सहायक प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधी, जिल्ला प्रशासन कार्यालय -सदस्य

(ग) जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय -सदस्य

(घ) गणपति/गुल्मपति, नेपाली सेना -सदस्य

(ङ) प्रमुख, जिल्ला प्रहरी कार्यालय -सदस्य

(च) प्रमुख, सशस्त्र प्रहरी बल जिल्लास्थित गण/गुल्म -सदस्य

(छ) प्रमुख, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय -सदस्य

(ज) प्रमुख, जिल्ला हुलाक कार्यालय -सदस्य

(झ) प्रमुख, कारागार कार्यालय -सदस्य

(ञ) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधी -सदस्य

(ट) अधिकृत (प्राविधिक), सम्बन्धित जिल्लाभित्रका निकुन्ज/आरक्ष/ डिभिजन वन कार्यालय -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (क) बमोजिम संयोजकको रूपमा राष्ट्रिय निकुञ्ज वा आरक्ष कार्यालयको मुख्यालय रहेको जिल्लाको हकमा राष्ट्रिय निकुञ्ज कार्यालय वा आरक्ष कार्यालयको प्रमुख संरक्षण अधिकृत र अन्यको हकमा डिभिजनल वन अधिकृत, दुईवटा वन डिभिजनल कार्यालय भएको जिल्लाका हकमा सदरमुकाममा रहेको डिभिजन वन अधिकृत, काठमाडौं उपत्यकाको हकमा काठमाडौं डिभिजनल वन अधिकृत रहनेछ।

(३) जिल्ला वन्यजन्तु अपराध नियन्त्रण एकाइको बैठक संयोजकले बोलाएको मिति, समय र स्थानमा बस्नेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(४) जिल्ला वन्यजन्तु अपराध नियन्त्रण एकाइको बैठकमा भन्सार कार्यालय रहेका जिल्लाको हकमा प्रमुख भन्सार अधिकृतलाई सदस्यको रूपमा आमन्त्रण गर्न सकिनेछ।

(५) जिल्ला वन्यजन्तु अपराध नियन्त्रण एकाइको काम, कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछः-

(क) वन्यजन्तु तथा वनजन्य अपराध नियन्त्रण गर्न सम्बद्ध निकायहरूबीच समन्वय र सहजीकरण गर्ने,

(ख) वन्यजन्तु तथा वनजन्य अपराध नियन्त्रणको लागि नेपाल सरकार र प्रदेश सरकारले गर्नुपर्ने नीतिगत, संस्थागत र कानूनी सुधारका लागि केन्द्रीय वन्यजन्तु अपराध नियन्त्रण एकाइ र प्रदेश वन्यजन्तु अपराध नियन्त्रण एकाइसमक्ष सुझाव पेस गर्ने,

(ग) केन्द्रीय वन्यजन्तु अपराध नियन्त्रण एकाइ र प्रदेश वन्यजन्तु अपराध नियन्त्रण एकाइबाट प्राप्त भएका निर्णय कार्यान्वयन गर्ने,

(घ) केन्द्रीय वन्यजन्तु अपराध नियन्त्रण एकाइ र प्रदेश वन्यजन्तु अपराध नियन्त्रण एकाइलाई वन्यजन्तु अपराध नियन्त्रण, वन्यजन्तु उद्धार तथा व्यवस्थापन र मानव वन्यजन्तु द्वन्द्वसम्बन्धी तथ्याङ्क मासिक रूपमा उपलब्ध गराउने,

(ङ) जिल्लास्तरमा भएका कार्यको वार्षिक प्रतिवेदन केन्द्रीय वन्यजन्तु अपराध नियन्त्रण एकाइ र प्रदेश वन्यजन्तु अपराध नियन्त्रण एकाइसमक्ष पेस गर्ने।

(६) प्रमुख जिल्ला अधिकारीले जिल्ला वन्यजन्तु अपराध नियन्त्रण एकाइको काम, कारबाहीमा आवश्यक समन्वय एवं सहजीकरण गर्नेछ।

(७) जिल्ला वन्यजन्तु अपराध नियन्त्रण एकाइ सचिवालय संयोजकको कार्यालयमा रहनेछ।

(८) जिल्ला वन्यजन्तु अपराध नियन्त्रण एकाइको बैठकको निर्णय र बैठक सञ्चालनसम्बन्धी कार्यविधि एकाइ आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

६. **खारेजी र बचाउः** (१) राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति तथा वन्यजन्तु अपराध नियन्त्रण एकाइको सांगठनिक ढाँचा र काम, कर्तव्य, अधिकारसम्बन्धी नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६७ मङ्सिर ५ गतेको निर्णय खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको निर्णयबमोजिम भए गरेका कामहरू यसै आदेशबमोजिम भएको मानिनेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं